नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १८०

मितिः २०८२/०८/०१

नेपाल संवत् ११४६

विषयः सूचना प्रवाह सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कर्मचारी प्रशासन शाखाको प.सं. क.प्र.(बोर्ड/संस्थान) २०८२/८३, च.नं. ३९९, मिति २०८२/०७/२४ को सूचना प्रवाह सम्बन्धी पत्र र सोसाथ प्राप्त कृषि सूचना तथा प्रशिक्षण केन्द्रको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/ छात्रवृत्ति)०८२/८३
च.नं. : ३९९

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः २०८२।७।२४
नेपाल संवत: ११४६

५७४
७।२८

बिषयः सुचना प्रवाह गरिदिने सम्बन्धमा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १५७६
दर्ता मितिः- ७।२६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

प्रस्तुत विषयमा कृषि सूचना तथा प्रशिक्षण केन्द्रको च.नं. १६२, मिति २०८२।७।१६ को सेवालिन तालिमको लागि विवरण पेश गर्ने सम्बन्धी पत्र यसैसाथ संलग्न छ। उक्त पत्रानुसार कृषि सूचना तथा प्रशिक्षण केन्द्रले नेपाल कृषि सेवाका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीहरुको लागि आधारभूत सेवाकालिन तालिममा सहभागी छनौट प्रयोजनार्थ विवरण संकलन गर्ने सम्बन्धी यसैसाथ संलग्न सूचना सबै स्थानीय तहहरुमा प्रवाह गर्ने व्यवस्था मिलाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

(प्रकाश दुलाल)
शाखा अधिकृत

**बोधार्थः**
श्री कृषि सूचना तथा प्रशिक्षण केन्द्र, ललितपुर।

श्री स्थानीय तह समन्वय
२०८२/०७/२८

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि सूचना तथा प्रशिक्षण केन्द्र

हरिहरभवन, ललितपुर

फोन नं.: ५५२२२४८, ५५२५६१७
फ्याक्स: ९७७-१-५५२२२५८
Website : www.aitc.gov.np
E-mail: info@aitc.gov.np

प. सं. : २०८२/८३
च. नं. १९३

मिति :- २०८२/०७/१९

विषय :- <u>परिपत्रको लागि समन्वय तथा पत्राचार गरिदिने बारे</u> ।

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्ने अधिकृत स्तर (रा.प.तृतीय प्रा.) आधारभूत सेवाकालिन तालिममा सहभागी छनौट प्रयोजनार्थ स्थानीय तहहरूमा समायोजन भई हाल कार्यरत कृषि सेवाका रा.प. तृतीय श्रेणी वा सो सरह कर्मचारीहरूको <u>सेवाकालिन तालिमको लागि विवरण पेश गर्ने</u> बारेको पत्र यसै साथ संलग्न राखिएको व्यहोरा अनुरोध छ । उक्त पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूमा सूचना प्रवाह हुने व्यवस्थाको लागि समन्वय तथा पत्राचार गरिदिनु हुन अनुरोध छ ।

डा. प्रकाश राज विष्ट
नि. प्रमुख

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहरभवन ललितपुर

फोन नं.: ५५२२२४८, ५५२५६१७
फ्याक्स: ९७७-१-५५२२२५८
Website : www.aitc.gov.np
E-mail: info@aitc.gov.np

प. सं. : २०८२/८३
च. नं. १६२

मिति :- २०८२/०७/१६

विषय :- सेवाकालिन तालिमको लागि विवरण पेश गर्ने बारे ।

श्री सम्बन्धित सबै स्थानिय तहहरू ।

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्ने कृषि सेवामा कार्यरत कर्मचारीहरूको लागि अधिकृत स्तर (रा.प.तृतीय प्रा.) आधारभूत सेवाकालिन तालिममा सहभागी छनौट प्रयोजनार्थ स्थानीय तहहरूमा अधिकृत स्तर (रा.प.तृतीय प्रा.) पदमा समायोजनभई हालसम्म कुनै प्रकारको सेवाकालिन तालिम नलिएका अधिकृत स्तर (रा.प.तृतीय प्रा.) वा सो सरह श्रेणी/तहमा कार्यरत कृषि सेवाका कर्मचारीहरूको तपशिलको विवरणहरूसँगै राष्ट्रिय कितावखाना (निजामती) बाट उपलब्ध हुने कर्मचारी विवरण (PIS) समेत संलग्न राखि मिति २०८२/०७/२८ गते कार्यालय समयभित्र सिधै अथवा इमेल मार्फत livestock.training.aitc@gmail.com वा info@aitc.gov.np मा पठाउनु हुन सम्बन्धित सबै स्थानीय तहहरूको जानकारीको लागि अनुरोध छ ।

तपशिल

| क्र. स. | कर्मचारीको नाम, थर | क.सं.न. | शुरूको नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति | समूह | पद | हाल कार्यरत कार्यालय | मोवाइल नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

*पुनश्चः अपूर्ण तथा तोकिएको म्याद भन्दा ढिलो प्राप्त हुने विवरणहरू यो तालिम प्रयोजनको लागि समावेश गरिने छैन ।*

*थप जानकारीको लागि*
*बलारामकृष्ण बन्जाडे*
*(पशु विकास अधिकृतः ९७६८४४६६७५)*
*इमेलः balaram.banjade@nepal.gov.np*

सवनम शिवाकोटी
प्रमुख